# Non-Resident Nepali Association (NRNA)
# गैरआवासीय नेपाली संघ

## प्रेस विज्ञप्ति

**कोभिड-१९ रोकथामकालागि संघको भूमिका :**

सन् २०१९ को डिसेम्बरबाट विश्वभर फैलिरहेको कोभिड-१९को महामारीबाट संसार भरिका नेपाली पनि आक्रान्त छन् । महामारीका कारण हजारौं नेपाली संक्रमित भए, हजारौं नेपाली श्रमिक अलपत्र परे, कैयौंले रोजगारी गुमाए त कयौंले विदेशमा ठूलो दु:ख व्यहोर्नुपर्यो । कोभिड-१९ को प्रकोप बढ्दै गएपछि विभिन्न देशमा छरिएर बसेका गैरआवासीय नेपालीहरु र अन्य कामको सिल-सिलामा विदेशमा रहेका नेपालीहरुलाई मानसिक र आर्थिक सुरक्षाको प्रत्याभूति जरुरी थियो । त्यसका लागि गैरआवासीय नेपाली संघबाट विभिन्न किसिमका राहत, घर फिर्ति तथा पुर्नस्थापनाका कार्यक्रमहरु अघि सार्ने कार्य सुरु भयो । संघका अध्यक्ष कुमार पन्तको अध्यक्षतामा एक कोभिड-१९ रोकथाम उच्चस्तरीय समिति गठन भई नेपाल सरकार समक्ष उच्चस्तरीय कोभिड-१९ रोकथाम समितिको तर्फबाट राहत, घर फिर्ति तथा पुर्नस्थापनाका लागि कार्यपत्र प्रस्तुत भयो । संघले यसै कार्यपत्रको आधारमा नेपाल सरकार र विदेशस्थित नेपाली नियोगसँग सहकार्य गरी विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ ।

“नेपालीका लागि नेपाली” भन्ने मुख्य अवधारणा मनन गर्दै राष्ट्रिय समन्वय परिषद्बाट प्राप्त सहयोगबाट विभिन्न ५० देशका कम्तिमा पनि ३ सय भन्दा बढी शहरहरु र राज्यहरुमा रहेका करिब १ लाख ७० हजार भन्दा बढी नेपालीहरु प्रत्यक्ष लाभान्वित भएका छन् । जसका लागि २५ सय भन्दा बढी स्वयंसेवकहरुले दिनरात सेवा दिइरहेका छन् । हाल सम्म विभिन्न गन्तव्य मुलुकहरु र नेपालमा गरी झण्डै १६,३०० भन्दा बढी नेपाली कामदारहरुलाई यस कार्यक्रम मार्फत विभिन्न किसिमको सहयोग पुर्‍याईएको छ । सामान्य गल्तीहरुका कारणले जेलमा तथा नजरबन्दमा परेका नेपाली श्रमिकहरुलाई आवश्यक कानूनी परामर्श तथा सहयोग पुर्‍याई तत्काल घर फिर्ती कार्यमा सहयोग पुर्‍याईएको छ । १८ जना त्यस्ता व्यक्तिहरुलाई कार्यक्रम मार्फत सेवा पुर्‍याइएको छ । २८०० जनाभन्दा बढी नेपालीहरुलाई राहत स्वरुप खाना तथा अस्थायी बासको सहयोग पुगेको र निजहरुलाई नेपाली दूताबाससँग समन्वय गरेर पुन:अर्को रोजगार तथा घर फिर्ती कार्यमा सहजीकरण गरिएको छ । हालसम्म १०१० जना नेपाली श्रमिकरुलाई काठमाण्डौंबाट आ-आफ्नो घर सम्म जानका लागि सहयोग पुर्याइएको छ । हालसम्म २४९ जति नेपाली श्रमिकहरुलाई पुन: रोजगारीका लागि सहयोग पुगेको छ ।

हालसम्म झण्डै १०,००० जति नेपाली श्रमिकहरुलाई नि:शुल्क परामर्श सेवाप्रदान गरिएको छ जस्तै: उनीहरुका स्वास्थ्य सम्बन्धि समस्या, परामर्श सेवाप्रदान गरिएको छ र झण्डै ४००० भन्दा बढी व्यक्तिहरुलाई दूताबासमा

आवश्यक कागजी प्रक्रियाका लागि सहयोग पुऱ्याईएका छ । जस्तैः श्रमिकहरुको पासपोर्ट नवीकरण तथा फारम भर्न सहयोग गर्ने आदि कार्यको सहजीकरण गर्ने कार्यमा सहयोग पुगेको छ । केही अत्यन्त समस्यामा परेका नेपाली श्रमिकहरु मध्ये घर फिर्तीको लागि ३२४ जनालाई पीसीआर तथा २१७ जनालाई आंशिक हवाईजहाज टिकटको समेत व्यवस्था गरिएको छ । कम्बोडियामा समेत अलपत्र परेका २२ जना नेपालीहरुलाई नेपाली दूतावाससँगको समन्वयमा राष्ट्रिय समन्वय परिषद् कम्बोडियासँग सहकार्य गरेर खाना तथा बासको व्यवस्था, पीसीआर र स्वदेश फिर्ती कार्यका लागि हवाई टिकट तथा घर सम्म जानका लागि यातायात खर्चमा सहयोग पुर्याइएकोछ । मनो-सामाजिक विमर्श तथा अन्य स्वास्थ्य सम्बन्धि कार्यक्रमका माध्यमबाट सहयोग पुऱ्याउनको लागि विभिन्न चरणमा आत्महत्या रोकथाम तालिम सञ्चालन गरिएको थियो जसबाट १००जना भन्दा बढी स्वयं-सेवकहरुले तालिम पाएका छन् ।

प्रदेश नं १, २ र ७ का विभिन्न १४ वटा स्वास्थ्य संस्थाहरुलाई क्वारेन्टिन तथा आइसोलेशन सेन्टरहरुमा समेत नेपाली श्रमिकहरुलाई सहयोग पुगोस् भन्ने उद्देश्यले रु.१४ लाख बराबरका अति आवश्यक मेडिकल सामग्रीहरु समेत प्रदान गरिएको छ । नेपालीहरुको मानसिक स्वास्थ्यलाई विशेष ध्यानमा राखेर यस संस्थाले गैरआवसीय टेलि - स्वास्थ्य र मानसिक स्वास्थ्य परामर्श केन्द्रको स्थापना गर्नुका साथै विभिन्न कार्यक्रम सञ्चालन गर्यो । यस कार्यका लागि अमेरिका, बेलायत, यूरोपियन क्षेत्र, मध्यपूर्वी क्षेत्र, अफ्रिकन क्षेत्र र एसिया प्रशान्त क्षेत्रहरुमा अनुभवी स्वास्थ्यकर्मी र डाक्टरहरुलाई परिचालन गरिएको छ । संसारभर २०० भन्दा बढी स्वास्थ्य कर्मीले निशुल्क सेवा उपलब्ध गराएका छन् । विभिन्न देशका नेपालीहरुले पठाएका राहतलाई संकलन गरेर गैरआवासीय नेपाली संघले नेपाल सरकारलाई एनटिजेन टेष्ट किट, पीपीई, आई आर गन, सुज, कभर, के एन-९५ मास्क जस्ता सामग्रीहरु उपलब्ध गराएको छ । यी सबै कार्यक्रमका लागि अन्तर्राष्ट्रिय र राष्ट्रिय समन्वय परिषद्हरुबाट रु १३ करोड र यूएनअन्तर्गतका निकायबाट प्राप्त रु १० करोड गरी रु २३ करोड बराबरको रकम परिचालन गरिएको छ । अन्तर्राष्ट्रिय निकायबाट प्राप्त सहयोग धेरै श्रमिक नेपालीहरु भएको देश मलेसिया, कतार, यूएई र साउदी अरबबाट सुरु भएको यो कार्यक्रम पछिल्लो समय बहराईन, कुवेत तथा ओमानमा समेत लागू गरिएको छ । तत्काल राहतको लागि खाना तथा बासको व्यवस्था, घर फिर्ती कार्यका लागि आंशिक हवाई टिकट तथा पीसीआर सेवा, मानसिक स्वास्थ्य परामर्श सेवा तथा स-साना स्वास्थ्य समस्याका लागि सहयोग, आउटरिच सेवा, कानूनी सहायता र घर फिर्ता हुने क्रममा त्रिभुवन विमान स्थलबाट घर सम्म जानको लागि यातायात तथा खानाखर्च तथा अन्य प्रशासनिक खर्च समेत व्यवस्था गरिएको छ । यो कार्यक्रम विशेष गरेर कोभिड-१९ का कारणले रोजगारी गुमाएका, समान्य गल्तीका कारणले स्वदेश फर्कन बाध्य बनाइएका, महिला, अपाङ्गता भएका व्यक्ति, बिरामी जस्ता विशेष आवश्यकता भएका व्यक्तिका लागि संचालन गरिएको छ ।

**खर्चमा पूर्ण पारदर्शिता**

कोभिड-१९ बाट प्रभावितहरुको लागि स्वीकृत कार्यक्रम अनुसार स्पष्ट रुपमा संस्थाका आर्थिक नियमावलीलाई आधार बनाई खर्च गरिएको र यस्ता खर्चहरुका बारेमा संस्थाले आन्तरिक तथा स्वतन्त्र लेखा परिक्षणको कार्य समेत गरेको छ । साथै हाल सम्मका सम्पूर्ण खर्चहरुलाई दाताले समेत परिक्षण गरेको र नियमित रुपमा खर्चको प्रतिवेदन समेत दातालाई दिने गरेका छौँ । खर्चका बिल तथा भपाईहरु स्पष्ट रुपमा फाईलिङ्ग गरी राखिएको छ । सो कार्यका लागि संघको सचिवालयमा कार्यक्रमसँग सम्बन्धित कर्मचारी तथा सचिवालयमा समेत कार्यकारी निर्देशक तथा लेखा अधिकृतले समेत स्वीकृत खर्चको प्रमाणीकरण गर्ने गरिएको छ ।

कार्यक्रममा उल्लेख भएका खर्चका सन्दर्भमा सम्बन्धित गन्तव्य देशका व्यवस्थापनलाई जानकारी गराईएको र सोही अनुसार नियमानुसार रकम माग भई आए बमोजिम कार्यक्रमका निर्देशकको स्वीकृति बमोजिम खर्च गर्ने निर्णय गरिन्छ । साथै खर्चका सम्पूर्ण विल भपाईहरु अद्यावधिक गरी राख्ने गरिन्छ । त्यसैले संघको आर्थिक नियमावली र अन्तराष्ट्रिय दातृराष्ट्रहरुको मापदण्डमा रहेर आर्थिक विवरणलाई पूर्ण रुपमा पारदर्शिता रहेको जानकारी गराइन्छ । यसका साथै, मलेसिया, कतार, यूएई र साउदी अरबबाट भएका उद्धार र राहत कार्यक्रममा भएका गतिविधीहरुको अनुगमन गर्न संघका कोषाध्यक्ष महेश कुमार श्रेष्ठको संयोजकत्वमा एक उच्चस्तरीय अनुगमन समिति गठन गरिएको छ । सो समितिले आफ्नो कार्यलाई सक्रिय रुपमा अघि बढाई रहेको छ । सोही समितिले पछिल्लो समय उद्धार र राहत कार्यक्रम सम्बन्धमा उठेका सवालको जवाफ दिने र उत्पन्न भ्रम चिर्ने विश्वास लिइएको छ ।

**रु. १० अर्बको एनआरएन डेभलपमेन्ट फन्ड :**

हाम्रो अथक प्रयास पछि अन्ततः १० अर्बको एनआरएन डेभलपमेन्ट फन्ड कम्पनी रजिस्ट्रार कार्यालयमा दर्ता भएको छ । ५ प्रतिशत लगानी सहित सरकारसमेत प्रवर्द्धक रहेको यस कम्पनीमा २ अर्बको प्रतिबद्धता प्राप्त भइसकेको छ । कम्तीमा रु. १० अर्बको कोष बनाई नेपालको उद्यम, व्यवसाय र पूर्वाधारका क्षेत्रमा लगानी गर्ने कम्पनीको मुख्य उद्देश्य रहेको छ । ८५ प्रतिशत लगानीका निम्ति गैरआवासीय नेपालीलाई लक्षित गरी छिट्टै प्राथमिक सेयर (आईपीओ) निष्काशन हुनेछ, जसमा दसौँ लाख नेपाली सहभागीहुने अपेक्षा गरिएको छ । यसबाट संसारभर छरिएर रहेका श्रमिक, व्यवसायी, पेसाकर्मी सबैले नेपालको विकास र समृद्धिमा सकेको लगानी गरी आर्थिक लाभसमेत उठाउन पाउनुहुनेछ ।

**लाप्राकबस्ती निर्माण कार्यको हस्तान्तरण :**

वि.सं.२०७२ साल वैशाख १२ गतेको विध्वंशकारी भूकम्पका कारण प्रभावित गोर्खाको लाप्राकमा गैरआवासीय नेपाली संघले ५ सय ७३ वटा नीजि आवास निर्माण कार्य सम्पन्नभएको छ । सम्पूर्ण प्रक्रिया पूरा गरेर वि.सं.०७८ साल वैशाख १२ गते सो बस्ती हस्तान्तरण गरिने जानकारी गराउँदछौं । बस्ती हस्तान्तरणका लागि धार्चे गाउँपालिकाबाट समेत सहमति भइसकेको र अन्य सम्पूर्ण प्रक्रियागत काम पनि पूरा भएकोले एक भव्य कार्यक्रमको आयोजना गरेर बस्ती निर्माण कार्य हस्तान्तरण गर्न लागिएको कुरा सहर्ष जानकारी गराउन चाहन्छौं ।

गैरआवासीय नेपाली संघ

३ अप्रिल, २०२१